annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४८ पृष्ठ ८ | काठमाडौं, आइतबार २८ पुस २०८१ | पौष शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | SUNDAY, JANUARY 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जुन सरकार बने पनि यिनले नागरिकता पाएनन्

जो नेपाली माटोमा जन्मे-हुर्के, यहीँ पसिना रगत पसिना बगाए । तर, जीवनको उत्तरार्द्धसम्म अनागरिक छन् । उनीहरूले आफ्नो त जेनतेन गुजारा गरे । तर, अनागरिक हुँदा छोराछोरीको भविष्यसमेत अन्धकार छ । त्यसैकारण जनकपुरको मुजेलियास्थित मुसहर टोलका महिला चिन्तित छन् ।

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट



जनकपुरस्थित मुसहर टोलका नागरिकताविहीन महिलाहरू ।
● मनिका झा

## दुर्घटनाअघि नै ब्ल्याक बक्सको रेकर्डिङ बन्द



**सियोल** (एजेन्सी) : दक्षिण कोरियाको यातायात मन्त्रालयले दुर्घटनाग्रस्त जेजु एयरको विमानको फ्लाइट डाटा र ककपिट भ्वाइस रेकर्डर भएको ब्ल्याक बक्सले दुर्घटना हुनुभन्दा ४ मिनेटअघि रेकर्डिङ गर्न छोडेको जनाएको छ।

गत डिसेम्बर २९ मा थाइल्यान्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमान मुआन विमानस्थलमा अवतरण गर्दा सिमेन्टको पर्खालमा ठोक्किएर दुर्घटनाग्रस्त हुँदा विमानमा सवार १ सय ७९ जनाको मृत्यु भएको थियो। दुई जनालाई जीवितै उद्धार गरिएको थियो। 'विश्लेषणले सीभीआर र एफडीआर दुवैले दुर्घटनाभन्दा ४ मिनेट पहिलेको अवधिमा रेकर्ड नगरिएको देखाएको छ,' यातायात मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

प्रारम्भिक अनुसन्धानले विमान अवतरणमा मद्दत गर्ने वा 'ब्लाइन्ड ल्यान्डिङ'मा प्रयोग हुने रेडियो ट्रान्समिटर (लोकलाइजर) दुर्घटनाको गम्भीरता बढाउनका लागि दोषी ठह्याएको छ। क्षतिग्रस्त फ्लाइट डाटा रेकर्डरलाई दक्षिण कोरियाली अधिकारीहरूले डाटा निष्कर्षका लागि अप्राप्य भनेका थिए भने यसलाई अमेरिकी राष्ट्रिय यातायात सुरक्षा बोर्डको प्रयोगशालामा विश्लेषणको लागि संयुक्त राज्य अमेरिका पठाएका थिए।

उडानको अन्तिम क्षणहरूको जानकारी रेकर्ड गर्ने बक्सहरूमा तथ्यांक नष्ट भएको पाइएको र यो किन र कसरी भयो भन्ने विषय खोजी भइरहेको अधिकारीहरूले बताए। 'जारी दुर्घटना अनुसन्धानका क्रममा तथ्यांक हराउनुको कारण पत्ता लगाउने प्रयास जारी छ,' मन्त्रालयले भनेको छ।दक्षिण कोरियाली र अमेरिकी अन्वेषकहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्। अनुसन्धानकर्ताहरूले ती बाकसहरू अनुसन्धानका लागि महत्वपूर्ण रहेको बताउँदै दुर्घटनाको कारण पत्ता लगाउने प्रयास जारी रहने बताए।

# नारायणीमा थन्किएका ३ करोडका मेसिन, आविष्कार केन्द्रद्वारा मर्मत

**क्रान्ति साह** | *वीरगन्ज*

राष्ट्रिय आविष्कार केन्द्रले वीरगन्जस्थित नारायणी अस्पतालमा बिग्रिएर वर्षौंदेखि थन्किएका ३ करोडभन्दा बढी मूल्यका उपकरण र मेसिन मर्मत गरेको छ।

अस्पताल प्रशासन र केन्द्रबीच बिग्रिएर थन्किएका मेसिन र उपकरणहरू केन्द्रका प्राविधिकहरूले मर्मत गर्ने सम्झौता पुस ११ गते भएको थियो। सम्झौताअनुसार पुस ११ गतेदेखि नै केन्द्रका प्राविधिकले काम थालेका थिए।

केन्द्रका बायोमेडिकल इन्जिनियर उमेश किरान्त नेतृत्वको ३ जना इन्जिनियरको टोलीले पहिलो चरणमा अस्पतालका ६० भन्दा बढी उपकरण र मेसिनहरू मर्मत गरेर सञ्चालनमा ल्याइदिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) चुमनलाल दासले जानकारी दिए।



केन्द्रका बायोमेडिकल इन्जिनियरहरूले पहिलो चरणमा एक हप्तासम्म अस्पतालमै खटेर ६० भन्दा बढी उपकरण मर्मत गरिदिएको र मर्मतपछि ती उपकरणहरू सञ्चालनमा ल्याइएको उनले बताए।

मेसु दासका अनुसार केन्द्रका बायोमेडिकल इन्जिनियरहरूको टोलीले आईसीयू वार्ड, एनआईसीयू वार्ड, अप्रेसन थियटर, रेडियोलोजी, सीसीयु वार्डलगायत ६ वटा वार्डमा गरी ६० भन्दा बढी मेसिनहरू मर्मत गरिसकेका छन्।

भेन्टिलेटेर, डायलासिस मेसिन, बेबी वार्मर, फोटोथेरापी मेसिन, एनेस्थेसिया, मेसिन, बबल सिप्याप, ल्याप्रोस्कोपी भिडियो प्रोसेसर, इलेक्ट्रोसर्जिकल युनिट, पोर्टेबल एक्सरे मेसिन लगायतका महँगा मेसिनहरू मर्मतसम्भार गरिएपछि अहिले ती उपकरणहरू प्रयोगमा ल्याइसकिएको दासले बताए।

» बाँकी पृष्ठ ६

## कोलम्बियामा विमान दुर्घटना, १० को मृत्यु

**बोगटा** (एजेन्सी) : उत्तरपश्चिमी कोलम्बियामा एउटा सानो विमान दुर्घटना हुँदा कम्तीमा १० जनाको मृत्यु भएको अधिकारीहरूले पुष्टि गरेका छन्।

प्यासिफिका ट्राभलद्वारा सञ्चालित उक्त विमान बुधबार जुराडोबाट मेडेलिन जाँदै गर्दा बेपत्ता भएको र एन्टिओक्वियाको उत्तरपश्चिम कोलम्बियाली विभागको उराओको ग्रामीण क्षेत्रमा दुर्घटनाग्रस्त भएको बताइएको छ। सो जहाजमा चालक दलका दुई सदस्य र आठ यात्रु सवार थिए।

एन्टिओक्वियाको जोखिम व्यवस्थापन विभागका निर्देशक कार्लोस रियोस पुएर्टाले भने, 'दुर्भाग्यवश, त्यहाँ कोही पनि बाँचेका छैनन्। हामीसँग साइटमा ३७ जना कर्मचारी काम गरिरहेका छन्। प्रतिकूल मौसमी अवस्थाले रिकभरी प्रक्रियालाई जटिल बनाएको छ।'

'हामीले यो प्रक्रियालाई सकेसम्म छिटो र प्रभावकारी बनाउन प्रयास गरिरहेका छौं,' उनले थपे। प्यासिफिक ट्राभलले विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। 'हामी सधैं तिनीहरूको साथमा रहने छौं। यस दुखद् घटनाबाट उत्पन्न हुने हरेक आवश्यकतालाई पूरा गर्ने छौं।'

# एकैपटक तीन अध्यादेश, लगानीमा सहजीकरण

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सार्वजनिक सेवा प्रभावकारी बनाउन तथा लगानीसम्बन्धी वातावरण बनाउन सरकारले शुक्रबार राति तीन अध्यादेश जारी गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार अबेरसम्म बसेको मन्त्रिपरिषद् बैठकले केही नेपाल ऐन संशोधन, भूमिसुधार कानुन संशोधन र लगानीसम्बन्धी कानुनमा संशोधन गर्ने अध्यादेश जारी गर्ने निर्णय गरेको हो।

त्यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेका थिए। एकैपटक तीन अध्यादेश जारी गर्ने सरकारको निर्णयले राजनीतिमा तरंग मच्चिएको छ। संसद् अधिवेशन बोलाउन छोडेर सरकारले अध्यादेशमार्फत शासन गर्न खोजेको विपक्षी दलहरूको आरोप छ।

### सरकारी काम एक सातामा टुंग्याउनुपर्ने

सरकारले सार्वजनिक सेवा प्रभावकारी र कामकाजी बनाउन केही नेपाल ऐनमा संशोधन अध्यादेश ल्याउने निर्णय गरेको छ। उक्त अध्यादेशमा सरकारको कामकाज सरल बनाउँदै एक साताभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ। एक सातासम्म कुनै पनि फाइल अघि नबढे सम्बन्धित कर्मचारीलाई कारबाहीको व्यवस्था पनि अध्यादेशमा गरिएको छ। सरकारको काम कारबाही सुस्त गति हुनुमा प्रमुख समस्या सेवा प्रवाहमा ढिलाइ भएको ठम्याइ सरकारको रहेको छ। प्रधानमन्त्री स्वयं पनि सरकारको काम कारबाहीले गति नलिएकोमा असन्तुष्ट छन्।

### सेवा प्रवाहमा नागरिक एप

सेवा प्रवाहमा नागरिक एपको प्रयोग गर्न अध्यादेशमा कानुनी प्रबन्ध गरिएको छ। नागरिक एपको प्रयोगबाट सहज सेवा सुविधा जनताले पाउने सरकारको विश्वास छ। सरकार सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा लैजाने तयारीमा छ।

### एनआरएनएलाई १० वर्ष नेपाल बस्न नि:शुल्क भिसा

सरकारले अध्यादेशमार्फत गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति १० वर्ष नेपाल बस्न नि:शुल्क भिसा पाउने व्यवस्था गरेको छ। अब एनआरएनएलाई नेपालमा बस्न सहज हुने भएको छ। यस्तै, सरकारले श्रमिकको अनिवार्य अवकाश उमेर बढाएको छ।

अध्यादेशमार्फत श्रमिकको अनिवार्य अवकाश उमेरहद ६० वर्ष बनाउने व्यवस्था गरिएको छ यसअघि श्रमिकको अनिवार्य अवकास हद ५८ वर्ष थियो। कसुरजन्य सम्पत्ति वा कसुरमा देखिएका साधन जफतमा सहजीकरण गर्ने व्यवस्था पनि केही नेपाल ऐनमा संशोधन अध्यादेशमा गरिएका छन्।

### मिलापत्र गरे दण्ड जरिवाना माफी

सरकारवादी केही मुद्दामा मिलापत्र गर्न सक्ने व्यवस्था अध्यादेशमा छ। पीडितसँग मिलापत्र भएमा दण्ड जरिवाना माफी हुन सक्नेछ। फैसला कार्यान्वयनको तहमा सरकारवादी केही मुद्दाहरूमा मिलापत्र गर्ने व्यवस्था गर्ने, पीडितसँग मिलापत्र गरे दण्ड र जरिवाना माफी तथा रकम भराउने मौका दिने व्यवस्था पनि आध्यादेशले गरेको छ।



### निवृत्तिभरणमा शिक्षक पनि समावेश

निवृत्तिभरण कोषमा शिक्षकलाई समावेश गरिएको छ। अध्यादेशमार्फत शिक्षकलाई पनि निवृत्तिभरण कोषमा समावेश गर्ने व्यवस्था गरिएको हो।

### सामाजिक सुरक्षा भत्तामा परिचयपत्र अनिवार्य

अध्यादेशमा सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दै जाने व्यवस्था गरेको छ।

मुद्दा पुनरावेदन गर्दा तोकिएको पूरा बिगो, जरिमाना, धरौटी राख्न नसकेका खण्डमा थुनामा बस्नुपर्ने व्यवस्था परिवर्तन गर्दै धरौटीको १५ प्रतिशत मात्र सुरुमा राख्ने व्यवस्था गर्ने अध्यादेशमा उल्लेख छ। यो व्यवस्थाले बिगो राख्न नसकेर थुनामा बस्नुपर्ने बाध्यता मुक्ति पाउने छन्।

योगमाया विश्वविद्यालय सञ्चालन गर्न कानुनमा संशोधन गर्ने व्यवस्था पनि अध्यादेशले गरेको छ।

### नेपाली आईटी कम्पनीले विदेशमा लगानी गर्न पाउने

नेपालका सूचना प्रविधिसम्बन्धी कम्पनीले विदेशमा लगानी गर्न पाउने भएका छन्। यस्ता कम्पनीले विदेशमा पनि शाखा खोल्न सक्नेछन्।

शुक्रबार ल्याइएको लगानी ऐनमा संशोधन अध्यादेशले नेपाली सूचना प्रविधिसम्बन्धी कम्पनीले विदेशमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ। विदेशी बजारमा प्रतिस्पर्धा गर्दै स्वदेशमा आम्दानी ल्याउन पाउने व्यवस्था पनि अध्यादेशमा गरिएको छ।

'यस्ता कम्पनीलाई विदेशमा पनि शाखा खोल्न दिने व्यवस्था गर्ने,' अध्यादेशमा उल्लेख छ। प्रधानमन्त्री ओलीले सूचना प्रविधिका विषयमा सामाजिक सञ्जालमा लेखेका छन्। उनले भनेका छन्,' नेपालमा आईटीको क्षेत्रमा काम गर्नेहरूका लागि केही कानुनी अप्ठ्याराहरू थिए।

अब नेपाली आईटी कम्पनीहरूले विदेशमा लगानी गर्न, विदेशमा शाखा कार्यालय खोलेर पैसा कमाउन र त्यसरी कमाएको पैसा कानुनी रूपमा भित्र्याउन पाउने भएका छन्।' सूचना प्रविधिमा आधारित कम्पनीहरूले नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्रा सटही सुविधा प्राप्त गर्न सक्नेछन्।

राष्ट्रिय अनुसन्धान विभागले ३ करोड रुपैयाँसम्मको राजस्व विवाद, चुहावटबारे निर्णय गर्न सक्ने भएको छ। अध्यादेशले यो व्यवस्था गरेको हो। राजस्व चुहावट मुद्दामा बिगो भराउन फैसला पर्खिनु नपर्ने, जरिबाना र बिगो तिरेका खण्डमा पनि मिलापत्र गर्न सक्ने व्यवस्था पनि अध्यादेशमा गरिएको छ।

» बाँकी पृष्ठ ६